**सिन्धुपाल्चोको जिल्लाको त्रिपुरासुन्दरी गा.पा.-३ धुस्कुनमा पहिरोले घर पुरिएको, कुनै माविय क्षति नरहेको**

मिति २०७४।०५।०४ गते राति परेको अविरल वर्षाको कारणले जिल्ला सिन्धुपाल्चोक त्रिपुरासुन्दरी गा.पा.-३ धुस्कुन बस्ने राम बहादुर कार्कीको घर पुरिएको छ भन्ने खबर मिति २०७४।०५।०५ गते अन्दाजि १०:३० बजेको समयमा प्रहरी चौकी पिस्करमा जानकारी हुनसाथ स्थलगत मुचुल्काकोलागि प्रहरी हवल्दारको कमाण्डमा टोली खटिई गएको। मानविय तथा चौपाया क्षति नभएको। ढुंगा-माटोले बनेको जस्ताको छानो भएको एक तल्ले कच्ची घर। अन्दाजी मुल्य रु. एक लाख बराबरको क्षति। उक्त स्थान प्रहरी चौकी पिस्करबाट अन्दाजि १४ कि.मि. उत्तर पर्ने व्यवहोरा यस जिल्ला आपतकालिन कार्य सञ्चालन केन्द्र सिन्धुपाल्चोकमा प्राप्त भएको अवगत गराइन्छ।

**स्रोत: जिल्ला प्रहरी कार्यालय, सिन्धुपाल्चोक**